Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
**Nepal Copyright Registrar's Office**

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

सूचना तथा सचेतनाका लागि

**Copyright Bulletin**

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको त्रैमासिक प्रकाशन

आश्विन ३०, २०६४ | Volume 2, Issue 4 | October 17, 2007

## Inside this issue

Establishment of the Study Committee 2

रोयल्टी संकलन समाज र यसको उपादेयता (लेख) 3

अन्तर्वार्तामा आधारित प्रश्नोत्तर 4

नेपालमा प्रतिलिपि अधिकार: चुनौती र भावी दृष्टिकोण (लेख) 5

Q - A Column 6

Training on Copyright 7

Copyright Protection for Multimedia Product 7

प्रतिलिपि अधिकार संरक्षणमा अदालती चासो 8

Registration of Creations 8

Chief Editor:

Mr. Janma Jaya Regmi

Editorial Team:

Mr. Narayan Prasad Aryal

Mr. Shiva Prasad Khanal

Computer & Design:

Mr. D. Kachhipati

Mr. Ratnakaji Maharjan

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# Training for Teachers and Librarians



Nepal Copyright Registrar's Office organized a one day training program for teachers and librarians on "Copyright and Related Rights" at Ramshahpath, Kathmandu, on September 28, 2007. Twenty teachers from different community and boarding schools and twenty librarians from different libraries of the Kathmandu valley participated in the training program. The objective of the training was to provide basic knowledge of Copyright and Related Rights for the representatives who were working in the related field *i. e.* educational institutes & libraries. Four papers on – Copyright and Related Rights, NCRO : Functions and Vision, Copyright : Fair Use Principle and Infringement of Copyright and Remedies, were presented in the program. Mr. Janma Jaya Regmi, Registrar of NCRO, poured his gratitude towards concerned schools and libraries for their participation. He also expressed his view that the program would be very fruitful for all the participants in executing their daily activities speaking at the closing ceremony.



# Interaction Program on Copyright and Related Rights

A one day interaction program was organized by Nepal Copyright Registrar's Office with the representatives of women, dalits and indigenous community on September 10, 2007 at Bhrikutimandup, Kathmandu. Fourty-five participants, including thirteen women, actively took part in the program. The discussion was concentrated mainly on the two discussion notes presented by the Registrar and Legal Officer of NCRO. Participants expressed their concern over the increasing trend of infringement of copyright and use of copyrighted materials without permission and consent of the real creators. Famous lyricist and Joint-Secretary of the Ministry of Culture, Tourism and Civil Aviation Mr. Dinesh Hari Adhikari was also presented in the program. All the participants including Mr. Adhikari provided many valuable suggestions on the related subject matter. The program was started with the welcome speech by Mr. Narayan Prasad Aryal, Section Officer of NCRO and concluded with the reply of queries raised by the participants and vote of thanks by Mr. Janma Jaya Regmi, Registrar of NCRO.

# सम्पादकीय



जन्म जय रेग्मी
रजिष्ट्रार

प्रतिलिपि अधिकारको विषय मानव विकास र उसले गरेको सिर्जनासँगै जोडिएको भएतापनि स्रष्टाका हक स्थापित गर्ने सवालमा लामो लडाइं लड्दै यहाँसम्म आइपुगेको पाइन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने यो विषय अझै पनि नयाँ नै देखिन्छ । खासगरी स्रष्टा र सर्जकहरूलाई यस विषयले बढी छुने हुनाले आम जनसाधारण यस विषय प्रति बढी उदासीन पाइन्छन् । आजभोलि प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग पश्चिमी देशहरूले बढी नै सर्तकतापूर्वक गर्दछन् । हाम्रो सन्दर्भमा यसको मर्मलाई बुझेर प्रयोग गर्ने बानी अझै बसिसकेको छैन । यस अर्थमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको जिम्मेवारी दिन प्रतिदिन बढ्दै गएको छ । हिजोका दिनहरूमा प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोगका सन्दर्भमा कुनै उजुरीहरू आएको पाइँदैनथ्यो भने आजभोलि यस्ता सामग्रीहरूको प्रयोग गर्दा कानूनको उल्लंघन भएको विषयका उजुरीहरूको मात्रा बढ्दै गएको छ । यस्ता उजुरीहरू अन्यको तुलनामा गीत संगीतको प्रयोग र प्रस्तुतिको सन्दर्भमा बढी देखिएका छन् । ऐन नियममा स्पष्ट नभएका, खास सिद्धान्त र पद्दति स्थापित भइनसकेका एवं अदालतबाट नजिर कायम भइनसकेका विषयहरूका उजुरीको समाधान खोज्ने कुरा निकै जटिल र क्लिष्ट छ ।

नेपाल विश्व परिवेश भन्दा भिन्दै जाने अवस्था छैन । विश्वस्तरमा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनले स्थापित गरेका मान्यताहरूलाई हामीले पनि ग्रहण गर्दै र सहकार्य गर्दै जानु पर्ने अवस्था छ । नेपाल बर्न महासन्धिको पक्ष भैसकेको छ, जसले साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्ने सन्दर्भमा अनेकन प्रावधानहरूको व्यवस्था गरेको छ । त्यस्तै हामी WTO को सदस्य भैसकेपछि व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारका पक्षहरू सम्बन्धी TRIPS सम्झौता (१९९४) मा आवद्ध भएको अवस्था छ । प्रस्तोता, ध्वनिअंकन उत्पादक, प्रसारण संस्थाहरूको अधिकार संरक्षण गर्न अक्टोबर २६, १९६१ मा रोममा सम्पन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष हुने सन्दर्भमा पनि अध्ययन भइरहेको छ ।

अतः हामीले पनि विश्वव्यापीकरणको लाभ लिन संसारका सबै मुलुकहरूसँग सहकार्य र हातेमालो गर्दै अगाडि जानुपर्ने अवस्था छ । विज्ञान र सूचना प्रविधिको विकासले संसारलाई निकट र साँघुरो बनाउँदै लगेको छ । यस्तो परिवेशमा हाम्रा सामू थुप्रै चुनौतीहरू छन् । जस्तो कि विश्वका सबै देशहरूका सिर्जनालाई राष्ट्रिय व्यवहार गर्नुपर्ने आवश्यकता छ । स्रष्टादेखि आम जनसाधारणलाई सचेत र जागरुक बनाउँदै लैजानुपर्ने छ । स्रष्टाका सिर्जना प्रयोग गरेवापत स्रष्टालाई लाभ दिलाउन रोयल्टी संकलन संस्थाको विधागत रूपमा गठन र सवलीकरण गरी रोयल्टी संकलन र वितरणको खास आधार स्थापित गर्नुपर्ने अवस्था छ । कार्यालयलाई प्रतिलिपि अधिकारयुक्त सामग्रीको उल्लंघनको सन्दर्भमा अध्ययन गर्न सूचना केन्द्र (Information Center) को रूपमा विकास गर्नुपर्ने स्थिति छ । त्यस्तै अनुगमनको पक्षलाई प्रभावकारी बनाउनुपर्ने, कानूनमा आवश्यक प्रावधानको व्यवस्था गरी पीडितलाई छिटोछरितो न्याय उपलब्ध गराउनका लागि कार्यालयलाई अर्धन्यायिक निकायको रूपमा विकास गर्नुपर्ने, जनशक्तिको सवलीकरण गर्नुपर्ने एवं कानून कार्यान्वयन गर्ने निकायबीच सहकार्य गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ । जसले गर्दा भोलिका दिनहरूमा अनुत्तरित थुप्रै सवालहरूको समाधान खोज्न एवं एउटा स्वस्थ परम्पराको थालनी गर्न सकियोस् ।

चालु आ.व. देखि हामीले यस बुलेटिनलाई त्रैमासिक रूपमा प्रकाशन गर्ने जमर्को गरेका छौं । हाम्रो यो अंक के कति सूचनामूलक र उपयोगी भएको छ ? आगामी अंकहरूलाई अझ प्रभावकारी बनाउन के कस्ता सामग्रीहरू राख्नु उपयुक्त हुन्छ ? हाम्रो प्रकाशनलाई अध्ययन गरी आवश्यक सुझावहरू उपलब्ध गराउन हामी हाम्रा समस्त स्रष्टा, सर्जक, अनुसन्धानकर्ता, सरोकारवाला र आम पाठकहरूलाई हार्दिकतापूर्वक आग्रह गर्दछौं ।

# News and Events:

## Study Preparation in Western and Eastern Region

Nepal Copyright Registrar's Office has concluded the preparation for the study on "Situation of Musical Publications in Western Development Region". Terms of Reference (TOR) and other essential documents have been finalized. The office is managing to publish a notice for study proposals in near future.

Similarly, NCRO is regularly working to finalize the documents related with the study on "Identification of Folklores in Eastern Development Region". The office is very cautiously waiting for these study programs.

## Arrival of New Registrar

Mr. Janma Jaya Regmi, has been appointed the Registrar of NCRO as per the decision of Government of Nepal dated June 13, 2007. Before this, Mr. Regmi was working as Under-Secretary in the Ministry of Culture, Tourism and Civil Aviation. He has a long experience of working in different Ministries such as Ministry of Industry, Agriculture, Home, Local Development etc.

## Discussion for SAM Conference

Nepal Copyright Registrar's Office is on regular contact with the Forum for Information Technology of Nepal (FIT Nepal) and other organizations like High Level Commission for Information Technology (HLCIT), National Information Technology Centre (NITC), Copyright Protection Society Nepal (CPSN), Computer Association of Nepal (CAN) etc. to hold discussion about the "Software Asset Management Conference" that is going to be held in Nepal in near future. NCRO is organizing the program in co-operation with the FIT Nepal. The program has aimed to raise the awareness to prevent the piracy of computer software. Microsoft Corporation has proposed for logistic support through FIT Nepal.

## Establishment of the Study Committee

Nepal Copyright Registrar's Office has started study on "Positive and Negative Impacts in the sector of Copyright after the accession to the Berne Convention". A study committee led by Mr. Jala Krishna Shrestha, Joint-Secretary, Ministry of Culture, Tourism and Civil Aviation was formed as per the decision of Government of Nepal. The seven members committee is comprised of the representatives from Ministry of Law, Justice and Parliamentary Affairs, Ministry of Industry, Commerce and Supply, NCRO and specialist concerning to the copyright. The committee is supposed to find out the impacts on Nepalese copyright sector and identify the legal provisions that are not likely to Berne Convention. The report will be submitted within three months.

## Study Report Achieved

A seven members study committee led by Mr. Sharada Prasad Trital, Joint-Secretary, MoCTCA, has submitted its report to the Government of Nepal. The committee has studied the progresses made by Nepal in the field of Copyright and Related Rights after her accession to WTO and TRIPS Agreement. The committee has provided the suggestions regarding the future actions to be launched in this field so as to make our legal and administrative procedures more compliance to the TRIPS Agreement.

Similarly, a next nine members committee led by Mr. Ram Prasad Bhattarai, former Registrar, NCRO, has also submitted its report. The committee had established to study on Nepal's accession to the International Convention for the Protection

Contd. on Page 7



अधिकार धनीको अनुमति विना गीत संगीतको रिमिक्स नगरौं ।

लेख

# रोयल्टी सङ्कलन समाज र यसको उपादेयता

पर्शुराम कोइराला
अधिवक्ता

## परिचय

आजको विश्वमा दिनानुदिन बढ्दै गइरहेको वैज्ञानिक आविष्कारहरुको कारणबाट रचनाहरूको पुनःउत्पादन, यिनको प्रयोगका क्षेत्र र प्रकृति तथा स्वरुपहरुमा अपत्यारिलो तवरले द्रुततर विकास भइरहेको छ। यस अवस्थामा कुनै पनि रचयिताले तयार गरेको मौलिक रचनाका प्रयोगकर्ताहरु को-को हुन् र हुन सक्छन् भनि अनुमान गर्न रचयितालाई एकातर्फ गाह्रो पर्दछ भने अर्कोतर्फ अव्यवहारिक समेत हुन सक्दछ। उदाहरणको लागि, आजको दुनियाँमा कुनै पनि गीत संगीतलाई विभिन्न वेबसाइटहरुको माध्यमबाट श्रवण गर्ने प्रचलन र परिपाटीको व्यापकीकरणलाई लिन सकिन्छ। यस परिप्रेक्ष्यमा सम्बन्धित रचनाका रचयितालाई यी सबै वेबसाईट लगायतका प्रयोगकर्ताहरुकहाँ आफू स्वयं गई त्यस्तो रचनाको प्रयोगका निम्ति सम्बन्धित रचयिताबाट पूर्व स्वीकृति लिनु पर्दछ र रोयल्टी तिर्नु पर्दछ भनी सम्झौता गर्दै हिँड्न अप्ठेरो हुनाका अतिरिक्त यसबाट निजहरुको रचनात्मक काममा लगाउनु पर्ने समय समेत नष्ट भइरहेको हुन्छ भने अर्कोतर्फ प्रत्येक गीत संगीतका प्रयोगका लागि आवश्यक पूर्व स्वीकृति लिन सम्बन्धित रचयिता खोज्दै हिँड्न स्वयं प्रयोगकर्ताका लागि पनि सहज नभई कठिनाइ नै हुने हुन्छ। हो यहाँनिर, रचयिताले गर्नुपर्ने उक्त कार्य रचयिताको प्रतिनिधिको हैसियतले गरिदिई रचयितालाई अन्य मौलिक सिर्जनाहरु गर्न समय र साधनको उपलब्धता गराइदिने र प्रयोगकर्ताका लागि पनि एउटै ठाउँमा आई सम्झौता गर्दा प्रत्येक रचयितालाई खोज्दै हिँड्नुपर्ने अनावश्यक कठिनाइबाट बचिने भएकाले रचयिताको प्रतिलिपि अधिकारको हकको व्यवस्थापन गरिदिनु र रचयिता र प्रयोगकर्ताहरु बीच सेतु (Bridge)को भूमिकाको निर्वाह गर्नु नै रोयल्टी संकलन समाजको परिचय एवं एकल दायित्व समेत हो भन्न सकिन्छ। यस्तो रोयल्टी संकलन समाजलाई विकसित मुलुकहरुमा Collecting Management Organisation (CMO) भन्ने गरिन्छ, जो आफैमा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित (Autonomous Body) हुन्छ। यस्तो रोयल्टी संकलन समाज सामान्यतया एउटा विधामा एउटा हुन्छ भनी प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ ले व्यवस्था गरेको छ। यस्तो संस्थाको शुरुवात फ्रान्स, बेलायत, जापान, सिंगापुर आदिबाट हुँदै आई हाल मलेसिया, इण्डोनेशिया, हङ्कङ्ग जस्ता देश हुँदै यसै वर्षदेखि हाम्रो देश नेपालमा पनि वरिष्ठ तथा लोकप्रिय गीतकार श्री रत्न शमसेर थापाको अध्यक्षतामा प्रथम पटक संगित विधामा रोयल्टी संकलन समाजको गठन भई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा विधिवत दर्ता समेत भईसकेको छ। यस अर्थमा भन्नुपर्दा नेपालले समेत रचयिताहरुको प्रतिलिपि अधिकारको संरक्षण क्षेत्रमा आफूलाई विकसित र विकासशील देशहरुको दाँजोमा उभ्याएको छ।

## रोयल्टी संकलन समाजको मूल कार्यः

रोयल्टी संकलन समाजको मूल कार्य भनेको यसले विभिन्न रचयिताहरुको रचनाको प्रयोगकर्ताहरु (जस्तैः रेडियो, टेलिभिजन, विभिन्न सार्वजनिक प्रदर्शन, होटेल, रेष्टुरेण्ट, डिस्कोथेक एवं इन्टरनेट, वेबसाइटहरु आदि) सँग आपसी छलफल गरी रचनाको प्रयोगको तरिका, स्वरुप, अवधि तथा सो प्रयोगबापत प्रयोगकर्ताले तिर्नुपर्ने रोयल्टीको बारेमा सम्झौता गरी त्यस्ता प्रयोगकर्ताहरुलाई सम्झौतामा उल्लेख भए अनुसार रचनाको प्रयोग गर्ने अख्तियारी प्रदान गर्दछ र सम्झौतामा तोकिए बमोजिमको रोयल्टी प्रयोगकर्ताहरुबाट संकलन गरी सम्बन्धित रचयितालाई वितरण गर्ने काम गर्दछ। यसरी संकलन भएको रोयल्टी वितरण गर्दा रोयल्टी संकलन समाजले आफ्नो दैनिक प्रशासनिक खर्च तथा सहमति भए बमोजिमका रचयिताहरुको हक हितको संरक्षणका लागि खर्च गर्ने रकम कट्टा गरी बाँकी संकलित रकम प्रत्येक रचयिताको रचनाको प्रयोगका आधारमा हिसाब गरी सम्बन्धित रचयिताहरुलाई वितरण गर्ने गर्दछ। यसप्रकार सम्बन्धित रचयिताको रचना कस्तो र कति पटकसम्म प्रयोग भई कति रोयल्टी संकलन भयो र कति रोयल्टी रकम निजलाई वितरण गर्ने हो भन्ने बारेको हिसाब किताब संसारमा प्रचलनमा रहेको यसै कार्यको लागि बनाईएको विशेष कम्प्युटर प्रोग्रामका आधारमा तय गर्ने परिपाटी रहिआएको छ।

## रोयल्टी संकलन समाजको उपादेयताः

मूलतः कसैको रचनाको प्रयोगबाट अनधिकृत व्यक्ति वा संस्थाले गैरकानूनी लाभ प्राप्त गर्न नसकोस् र रचयिता स्वयंले आफ्नो मौलिक रचनाबाट आर्थिक लाभ प्राप्त गर्न सकोस् भन्ने सोचबाट जागृत भएको प्रतिलिपि अधिकार सम्बन्धी अवधारणामा कालान्तरमा आएर विभिन्न वैज्ञानिक आविष्कारहरुको कारणले रचनाको प्रयोगको क्षेत्र र स्वरुपमा आएको अकल्पनीय व्यापकताले गर्दा (जस्तो विभिन्न वेबसाइटहरु) रचनाको प्रयोगको व्यवस्थापनार्थ पृथक संस्थाको अपरिहार्यता महसुश भई रोयल्टी संकलन समाजको जन्म भएको हो। खासगरी आफ्नो रचनाको प्रयोग गर्दा प्रयोगकर्तालाई स्वीकृति प्रदान गर्ने कार्य, रोयल्टीको निर्धारण प्रकृया र रचनाको गलत प्रयोग हुँदा सम्बन्धित निकायमा गई विवादको निप्टारा गराउँदा रचयिता/सर्जकलाई अत्यन्तै झन्झटिलो र खर्चिलोसमेत हुन गई यस्ता व्यवस्थापकीय कार्यहरुबाट रचयिताको अमूल्य समय र सोच खेर जाने भएकाले यसका लागि यस्ता समाजको ठूलो महत्व रहेको हुन्छ। यस अर्थमा रचयिताले रोयल्टी संकलन समाजसँग सम्झौता (Agreement) गरी आफ्ना वर्तमानमा भएका रचनाहरु र भविष्यमा तोकिएको समयसम्म तयार हुने रचनाहरुको सम्भावित प्रयोगकर्ताहरुको पहिचान, रोयल्टीको निर्धारण तथा संकलन गरी निजलाई भुक्तानी गर्ने तथा रचनाको संरक्षणका लागि कुनै पनि कानूनी प्रक्रिया पूरा गर्ने सम्मको सम्पूर्ण अधिकार संस्थालाई हस्तान्तरण गर्दछ। यस्तो प्रकारको सम्झौता पश्चात समाजले आफूसँग सम्झौता गर्ने रचयिताहरुको प्रतिलिपि अधिकारको व्यवस्थापन गर्दछ। खासगरी विश्वमा नौलो आर्थिक आयामको रुपमा देखा परेको खुला अर्थनीति (Globalisation) पश्चात त एउटा कुनै देशको रचनाको प्रयोग गरी आर्थिक लाभ प्राप्त गर्ने काम कुनै अर्को देशमा भइरहेको छ भने यस्ता रोयल्टी संकलन समाजले ती देशमा भएका यस्तै समाजसँग समन्वय गरी त्यस देशबाट पनि रोयल्टी संकलन (Cross border royalty collection) गरी आफ्ना स्वदेशी रचयितालाई वितरण गर्न सक्ने भएकोले यसको उपादेयता व्यापक रहेको देखिन्छ। विश्वका विकसित देशहरुमा यिनै रोयल्टी संकलन संस्थाहरुको सक्रियताको कारणले गर्दा देशको कुल गार्हस्थ उत्पादनमा ३ देखि ५ प्रतिशतसम्मको योगदान प्रतिलिपि अधिकारको व्यवस्थापनले गर्दै आएको पाइन्छ। यसरी रचयिताको लागि परम्परागत आर्थिक लाभ प्राप्त गर्ने स्रोत भन्दा भिन्न र नितान्त नवीन रुपमा सोही रचनाबाट अतिरिक्त रुपमा आर्थिक लाभ प्राप्त गर्न सकिने क्षेत्रहरुको पहिचान गरी सो का लागि आवश्यक सम्पूर्ण कार्य गरी रोयल्टी उपलब्ध गराउनका लागि रोयल्टी संकलन संस्थाको ठूलो महत्व रहेको छ। यस सन्दर्भमा रचनाका प्रयोगकर्ताहरुको पहिचान र उनीहरुसँग आपसी सम्झौता गरी रचनाको प्रयोग गर्दा विधिवत पूर्व स्वीकृति लिनु पर्ने र सो का लागि रोयल्टी समेत तिराउने वातावरणको सिर्जना गर्ने अभिभारा भर्खरै स्थापित संगीत रोयल्टी संकलन समाज तथा यस्तै अन्य विधामा खडा हुन सक्ने संस्थाहरुको अगाडि मुख्य चुनौतीको रुपमा रहेको छ।

● अस्तु

डा. बलबहादुर मुखियासँगको अन्तर्वार्तामा आधारित प्रश्नोत्तर

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कार्यहरू सराहनीय, सान्दर्भिक र उपयुक्त छन तर पर्याप्त भने छैनन् ।

**प्रश्न प्रतिलिपि अधिकार भन्नाले के बुझिन्छ ?**

**उत्तर** साहित्य, कला, ज्ञान, विज्ञानको क्षेत्रमा मौलिक एवं बौद्धिक रूपमा सिर्जना गरिएका रचना तथा प्रस्तुति, ध्वनि अङ्कन र प्रसारणका क्षेत्रमा स्रष्टालाई प्रचलित कानूनद्वारा प्रदान गरिएको एकलौटी अधिकार (Exclusive Right) लाई प्रतिलिपि अधिकार भनिन्छ । रचनाको उत्पादन, प्रकाशन, पुनरुत्पादन, सर्वसाधारणमा प्रसारण, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने सर्जकको समुच्च अधिकार (Bundle of Rights) प्रतिलिपि अधिकार हो ।

**प्रश्न प्रतिलिपि अधिकारका क्षेत्रहरू के के हुन् ?**

**उत्तर** प्रतिलिपि अधिकारका क्षेत्रहरू व्यापार, पूँजी र प्रविधि हस्तान्तरण हुन् । साहित्यिक, कलात्मक, वैज्ञानिक, सांगीतिक, श्रव्य-दृश्य, ध्वनि अङ्कन, कम्प्युटर प्रोग्राम जस्ता रचनाहरू उक्त क्षेत्रसँग सम्बन्धित छन् ।

**प्रश्न प्रतिलिपि अधिकार हनन हुने अवस्थाहरू के के हुन् ?**

**उत्तर** प्रतिलिपि अधिकार हनन् हुने अवस्थाहरू के के हुन् भन्ने प्रश्नको सन्दर्भमा नैतिक अधिकारको हनन् र आर्थिक अधिकारको हनन्को अवस्थाहरू केलाउनु पर्दछ । रचयिताको रचनाको सम्मान नगरेमा, निजको ख्याति वा इज्जतमा नराम्रो विचार फैलाएमा र रचनामा फेरबदल वा अपमानजनक व्यवहार गरेमा नैतिक अधिकारको हनन् भएको मानिन्छ । प्रतिलिपि अधिकार धनीको अनुमति विना वा अनुमति पत्रमा उल्लेख भएको शर्तको विपरीत आफ्नो हक नपुग्ने रचनाको प्रतिलिपिहरू उत्पादन, पुनरुत्पादन, अनुकरण, सार्वजनिक रूपमा सञ्चार गरेमा, भाडामा दिएमा, भाषाको माध्यम परिवर्तन गरी अर्कै विषय वा प्रकृतिको रचना निर्माण गरेमा, बिना अनुमति सार्वजनिक स्थलमा रचना प्रस्तुत गरेमा आर्थिक अधिकार हनन् भएको मानिन्छ ।

**प्रश्न प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार बीच कस्तो सम्बन्ध छ ?**

**उत्तर** मौलिक एवं बौद्धिक रुपले साहित्य, कला, ज्ञान, विज्ञान तथा अन्य क्षेत्रमा सिर्जना गरिएका रचनामा स्रष्टालाई कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकार (Exclusive Right) लाई प्रतिलिपि अधिकार भनिन्छ । त्यस्ता सिर्जनालाई सर्वसाधारणसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकारलाई Neighboring Right भनिन्छ । यस्तो अधिकार प्रस्तोता, ध्वनि अंकन उत्पादक र प्रसारण संस्थालाई प्राप्त हुन्छ । वर्न महासन्धि (Berne Convention) ले साहित्यिक तथा कलात्मक रचनाको संरक्षण गर्दछ तर यस महासन्धि र Universal Copyright Convention ले तत्सम्बन्धी अधिकारलाई संरक्षण प्रदान गर्दैनन् । रोम महासन्धि १९६१ ले प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाको अधिकारको संरक्षण गरेको छ । यस महासन्धिले वर्न महासन्धि र Universal Copyright Convention ले प्रदान गरेका अधिकारलाई हस्तक्षेप गर्दैन । प्रलिलिपि अधिकार ऐन २०५९ को दफा ९, १०, ११ मा तत्सम्बन्धी अधिकारको व्यवस्था गरिएको पाइन्छ ।

**प्रश्न नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयले चाल्नु पर्ने भावी कार्यक्रमहरू के के हुन सक्छन् ? हाल गरिरहेको कार्यक्रमहरू पर्याप्त छन् वा छैनन् ?**

**उत्तर** नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले चाल्नुपर्ने भावी कार्यक्रमहरू निम्नलिखित हुन सक्छन् :

- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार विषयका विज्ञहरूलाई संलग्न गरी यस क्षेत्रका विधाहरूको प्रवर्द्धन र संरक्षण सम्बन्धी अनुसन्धान गर्ने र गर्न लगाउने ।
- प्रहरी अधिकृत, सरकारी वकिल, न्यायाधीश, प्राध्यापक, प्रकाशक, लेखक, सञ्चारकर्मी, शिक्षक, संगीतकार, ध्वनिअङ्कन उत्पादक, चलचित्र कलाकार, प्रस्तोता आदिको निम्ति तालिम, गोष्ठी, कार्यशाला, अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिरहने ।
- विभिन्न निकायहरू जस्तै प्रहरी, अदालत, उद्योग विभाग, महान्यायाधिवक्ताको कार्यालय, त्रि.वि., रोनाष्ट, विश्व बौद्धिक सम्पत्ति संगठन, विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूसँग समन्वय र सम्पर्क कायम राख्ने ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले हालसम्म गरिरहेका कार्यक्रमहरू सराहनीय, सान्दर्भिक र उपयुक्त छन तर पर्याप्त भने देखिँदैनन् ।

**प्रश्न भर्खरै स्थापना भएको संगीत रोयल्टी संकलन समाज नेपाल (Music Royalty Collection Society Nepal) को बारेमा यहाँको धारणा के छ ?**

**उत्तर** प्रथम कदमको रूपमा भर्खरै स्थापना भएको Music Royalty Collection Society Nepal (MRCSN) को बारेमा मेरो अत्यन्त सकारात्मक धारणा छ । तर MRCSN ले रोयल्टी संकलन र पारिश्रमिक वितरण सम्बन्धी कार्य गर्दा केही जटिलता आउन सक्ने देखिन्छ । प्रतिलिपि अधिकार ऐनमा ध्वनिअङ्कनलाई सार्वजनिक रूपमा जनसमक्ष प्रस्तुत गरिएमा सो वापत मनासिब माफिकको पारिश्रमिक दिनु पर्ने उल्लेख भएको हुँदा यस समाजलाई पारिश्रमिक छुट्याउन र गीतकार एवं संगीतकारले के कति रकम पाउने हो सो स्पष्ट गर्न कठिन देखिन्छ । साथै रोम महासन्धिले समन्यायिक पारिश्रमिक दिने व्यवस्था गरेको हुनाले यो शब्दावली प्रतिलिपि अधिकार ऐन संशोधन गर्दा समावेश गर्नुपर्ने देखिन्छ ।

**प्रश्न सङ्गीत रोयल्टी संकलन समाज नेपाल (MRCSN) का भावी चुनौतिहरू के के देख्नु हुन्छ ?**

**उत्तर** संगीत रोयल्टी संकलन समाज नेपालका भावी चुनौतीहरू निम्नानुसार देखिन्छ :

- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार, रोयल्टी संकलन सम्बन्धी विषयमा राम्ररी ज्ञान हासिल गरेका दक्ष मानव संशाधनको नेपालमा नै उत्पादन गर्ने सन्दर्भमा चुनौती रहेको देखिन्छ ।
- प्रतिलिपि अधिकार ऐनको संशोधित दफा १३ बमोजिम नेपाल वा विश्व व्यापार संगठनको सदस्य मुलुकका व्यक्तिबाट उत्पादित ध्वनि अंकनलाई संरक्षण प्राप्त हुने व्यवस्थाले रोयल्टी संकलन र वितरण गर्न जटिलता देखिन्छ ।
- बौद्धिक चोरी र रिमिक्स सम्बन्धी चेतनाको कमीका कारणले रोयल्टी संकलन र वितरणमा समस्याहरू आउन सक्छन् ।

**नेपाल ल क्याम्पसमा उप प्राध्यापक पदमा कार्यरत डा.मुखिया प्रतिलिपि अधिकार सम्बन्धी विषयमा विद्यावारिधि गर्ने प्रथम नेपाली हुनुहुन्छ ।*

लेख/रचना

# नेपालमा प्रतिलिपि अधिकारः चुनौती र भावी दृष्टिकोण

जन्मजय रेग्मी

**पृष्ठभूमि :**

प्रतिलिपि अधिकारको विषय नेपाली समाजमा जनस्तरसम्म भिजिसकेको छैन । यस विषयले व्यवसायी, स्रष्टा, सर्जक, प्रकाशक, प्रस्तोता, उत्पादकलाई छुने भए तापनि आम जनसाधारणले यस विषयप्रति त्यति सरोकार राखेको पाइँदैन । त्यसैले होला, सर्वसाधारण मात्र होइन पढेलेखेका र सरकारी निकायको माथिल्लो ओहदामा रहेका व्यक्ति पनि प्रतिलिपि अधिकार बारे अनभिज्ञ देखिन्छन् ।

सन् ५०७ मा Finnian Vs. Columba को मुद्दाबाट विजारोपण भएको यस विषयले पश्चिमी देशहरूमा राम्रो परिचय स्थापित गरिसकेको पाइन्छ । U.S.A लगायत पश्चिमी देशहरू प्रतिलिपि अधिकारयुक्त सामग्रीको बारेमा बढि नै सचेत र संवेदनशील देखिन्छन् भने पूर्वीय देशहरूमा सचेतना क्रमशः पैदा हुदै गएको छ । जहाँ सिर्जनाकारहरू छन्, स्रष्टाहरू छन्, कल्पनालाई व्यवहार र आकारमा उतार्ने बैज्ञानिक र योजनाकारहरू छन् त्यहाँ प्रतिलिपि अधिकार स्थापित हुँदै गएको छ र त्यो राष्ट्र नै सम्वृद्ध भएको छ । त्यहाँ स्रष्टाले पनि लाभ प्राप्त गरेका छन् । उपभोक्ताहरू, प्रस्तोता, र उत्पादकहरूले पनि लाभ प्राप्त गरेका छन् ।

नेपालको सन्दर्भमा प्रतिलिपि अधिकारको कानूनी व्यवस्था सर्वप्रथम वि.सं. १९१० को पुरानो मुलुकी ऐनको विविध महल अन्तर्गत भाग ५ को दफा ३१ र ३१(१) मा देखिन्छ जसमा कुनै प्रकाशन दर्ता गर्न परेमा गोरखाभाषा प्रकाशनी समितिलाई रू.१।- देखि २०।- सम्म दिई कृति दर्ता गर्न सकिने प्रावधान थियो । त्यस्तै २०२० को मुलुकी ऐनको अदलको महलको ३१ मा स्रष्टाको स्वीकृति बिना रचना प्रकाशित गर्ने उपर दशौंद भराई जरिवाना गर्ने प्रावधान राखिएको पाइन्छ ।

२०२२ सालमा प्रतिलिपि अधिकार ऐनले सर्वप्रथम प्रवेश पाएको त देखिन्छ तर २०४६ सालसम्म नियमावलीको अभावमा ऐन निष्क्रिय रहेको पाइन्छ । २०५४ सालमा उक्त ऐनमा संशोधन हुँदा अनुसन्धानात्मक कृति र कम्प्युटर प्रोग्रामलाई पनि प्रतिलिपि अधिकारको विषयमा थप गरियो । २०५९ मा पुरानो ऐन खारेज भई नयाँ प्रतिलिपि अधिकार ऐन, २०५९ लागू गरियो । त्यस्तै २०६१ सालमा यस सम्बन्धी नियमावली ल्याइयो । २०६१ मा नै प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय भनी छुट्टै अस्तित्व दिएर कार्यालय पनि स्थापना गरियो । २०६२ सालमा केहि नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेशद्वारा प्रतिलिपि अधिकार ऐनको दफा १३ मा संशोधन गरी रचयिताको रचना, श्रव्यदृश्य, कलात्मक रचना, ध्वनिअङ्कन, प्रसारण संस्थाको रचना र प्रस्तोताको प्रस्तोता सम्बन्धी अधिकारलाई नेपाल राज्य वा विश्व व्यापार संगठनको सदस्य मुलुकहरूमा संरक्षण प्राप्त हुने व्यवस्था गरियो । अतः यस विषयले संगठित र संस्थागत ढंगले क्रमशः प्रवेश पाउँदै गएको प्रतित हुन्छ ।

यस विषयलाई विश्वका विभिन्न राष्ट्रहरूसम्म पुऱ्याउने कार्यमा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले काम गर्दै आएको पाइन्छ भने नेपाल विगत वर्षमा वर्न महासन्धिको पक्ष भैसकेपछि त्यसका प्रावधानहरू पनि हाम्रा कानूनमा अभिव्यक्त हुने अवस्था आइसकेको छ । त्यस्तै विश्व व्यापार संगठन (WTO) को सदस्य भैसकेपछि त्ससँग जोडिएको TRIPS Agreement, 1994 को प्रावधानहरू प्रति पनि हामी आवद्ध हुनुपर्ने अवस्था छ भने रोम महासन्धिको पक्ष हुने नहुनेतर्फ पनि हाल अध्ययन भैरहेको छ ।

विश्व परिवेशमा हेर्दा नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य भएको, त्यससँग जोडिएको TRIPS Agreement का प्रावधान पनि पालना गर्नुपर्ने अवस्था भएको र बर्न युनियनको सदस्यमहासन्धिको पक्ष भएको सन्दर्भमा सदस्य देशहरूमा स्वदेशी/विदेशी दुवैलाई समान राष्ट्रिय व्यवहार दिनुपर्ने प्रावधानले विश्व परिवेशसँग सहकार्य गर्न नेपाल वाध्य हुँदै गएको देखिन्छ ।

उल्लेखित पृष्ठभूमिमा यस विषयलाई समग्र समाजको जानकारीमा ल्याउन प्रथमतः स्रष्टाहरू नै सचेत, जागरूक र संवेदनशील हुनुपर्ने देखिन्छ । जबकी उनीहरूमा नै सचेतताको कमी छ । जसले गर्दा सिर्जना गर्नेहरू ठगिएका छन्, हेपिएका छन्, लगानी र बजारीकरण गर्नेहरूले नै बढी लाभ लिइरहेका छन् । सिर्जनाकारका सिर्जनालाई उनीहरूको अनुमति बिना पुनरूत्पादन गर्ने, तोडमोड गर्ने र प्रस्तुत गर्ने काम पनि दिन प्रतिदिन मौलाउँदै गएको छ । यस सम्बन्धी उजुरीहरू बढ्न थालेका छन् ।

अतः स्रष्टाहरू पनि आफ्नो हक अधिकारको खोजी गर्न विषयगत ढंगले संगठित हुँदै जाने र कानूनी रूपमा सरकारले पनि आवश्यक संरक्षण दिनुपर्ने अवस्था देखिन्छ । नेपालमा यस सन्दर्भमा खास काम भएको छैन । केही महिना अगाडि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको पहलमा गठित संगीत रोयल्टी संकलन समाजका कामहरू प्रारम्भिक अवस्थामा नै छन् र हाम्रा पाइलाहरू पनि प्रारम्भिक अवस्थाकै छन् । अन्य विधाहरूमा झन काम भएकै छैन ।

**प्रतिलिपि अधिकारको क्षेत्रमा देखिएका चुनौतीहरू :**

- प्रतिलिपि अधिकारको बारेमा अझैपनि स्रष्टा एवं जनसाधारण सचेत र जागरूक हुनसकेका छैनन् । यस बारेमा पढेलेखेको र बौद्धिक समुदायमा समेत अन्यौल र अज्ञानता व्यापक देखिन्छ । जसले गर्दा नजानेरै पनि प्रतिलिपि अधिकारको उल्लंघन भइरहेको छ । पाठ्यपुस्तकहरू, अनुसन्धानात्मक कृतिहरू फोटोकपी गरी आर्थिक लाभको उद्देश्यले बिक्री वितरण हुने परिपाटी यसका उदाहरण हुन् ।
- बौद्धिक सम्पत्ति सम्बन्धी कानूनहरू समय सँगसँगै हिँड्न सकेका छैनन् । प्रविधि अगाडि अगाडि बढिरहेको छ, कानून पछाडि पछाडि हिँडिरहेको छ । प्रतिलिपि अधिकार सम्बन्धी कानूनले विकसित हुँदै गएको प्रविधि र परिवर्तनलाई समय सापेक्ष रूपमा आत्मसात गर्न सकेको छैन ।
- प्रतिलिपि अधिकारको क्षेत्रमा काम गर्ने सरकारी बाहेक गैरसरकारी निकाय कम छन् । सरकारी निकायको पनि साधन स्रोत र क्षेत्राधिकार सीमित छ । निजी क्षेत्रमा काम गर्ने निकायहरू पनि सवल भैसकेका छैनन् ।
- प्रतिलिपि अधिकार संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय कानून र महासन्धिको ज्ञान भएको जनशक्ति अत्यन्तै कम छ । विश्वका विभिन्न देशमा स्थापित मान्यता, सिद्धान्त र नजिरहरू के के छन्, त्यस सम्बन्धी जानकारी भएको जनशक्तिको अभाव छ ।
- कानून कार्यान्वयन गर्ने निकायबीच पनि आवश्यक समन्वयात्मक संयन्त्र छैन । प्रतिलिपि अधिकारको उल्लंघन के कति भएको छ र विद्यमान अवस्था के छ सो को विश्लेषण र समीक्षा गर्ने कार्य पद्धतिजन्य हिसाबले नभई खास कार्यालयको अग्रसरतामा हुने गरेको छ ।
- प्रतिलिपि अधिकारको संरक्षण गर्ने क्रममा उजुरी सुनी उल्लंघन उपर अनुसन्धान गरी आवश्यक कारवाही अगाडि बढाउने दायित्व पाएको प्रहरी संगठन भित्र प्रतिलिपि अधिकार इकाई (Copyright Cell) हालसम्म गठन भएको छैन ।
- बजारमा प्रतिलिपि अधिकारयुक्त सामग्रीको नक्कल गर्ने, चोरी गर्ने प्रवृत्ति दिन प्रतिदिन बढ्दै गएको छ । कानूनी छिद्रताको फाइदा उठाई काम गर्ने प्रवृत्ति पनि बढ्दै गएको छ ।

- विधागत रोयल्टी संकलन गर्ने संस्थाहरू अझै गठन हुनसकेका छैनन् । संगीत रोयल्टी संकलन समाजको गत आर्थिक वर्षमा गठन त भएको छ तर कार्य प्रारम्भ गर्न सकेको छैन । प्रारम्भिक अवस्थामा नै छ । लेखस्वको वितरण मापदण्ड के हुने भन्ने हालसम्म स्थापित भैसकेको छैन ।
- प्रतिलिपि अधिकारको क्षेत्रमा कतिपय जटिलताहरू छन् । न्यायालयमा यस सम्बन्धी मुद्दाहरू कम छन् । नेपाली प्ररिप्रेक्ष्यमा हेर्दा उठेका र उठ्ने गरेका मुद्दा उपर सिद्दान्तहरू स्थापित भैसकेका पनि छैनन् ।
- यस क्षेत्रमा दक्ष र प्रतिस्पर्धी जनशक्तिको अभाव छ । यस विषयको छुट्टै सेवा नभएकोले पढ्दै, बुझ्दै, छलफल गर्दै काम गर्नुपर्ने अवस्था छ ।
- समाजमा स्रष्टाका विचार र रचना चोरी गर्ने कार्य (Plagiarism) दिन प्रतिदिन बढिरहेको छ । हाल अदालतमा चलिरहेका कतिपय मुद्दाहरूलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।
- नेपाल वर्न महासन्धिमा प्रवेश गरे सँगै हाम्रो प्रतिलिपि अधिकार ऐनले पनि विदेशी स्रष्टाहरूलाई समान राष्ट्रिय व्यवहार गर्नुपर्ने उल्लेख गरेको छ । यस्ता विदेशी स्रष्टाका थुप्रै रचनाहरू यहाँ विना अनुमति प्रयोग भइरहेका छन् । यस्तो अवस्थामा उनीहरूले दावी गर्दा यसको प्रभाव कस्तो रहन्छ भन्ने प्रश्न अन्यौल छ ।
- हाल संगीत क्षेत्रमा रिमिक्सको फेसन बढेको छ । स्रष्टाका रचना तोड्मोड भएको गुनासो आइरहेको परिवेशमा स्रष्टा र सम्बन्धित प्रस्तोता वा उत्पादक कम्पनीबीच सहकार्य हुनसकेको छैन । रचना दर्तालाई सहज र अधिराज्यव्यापी बनाउन सकिएको छैन । कार्यालय काठमाडौंमा केन्द्रीत छ ।

### हाम्रा भावी दृष्टिकोण

- प्रतिलिपि अधिकारको संरक्षण गर्ने क्रममा खास अनुगमन हुनसकेको छैन । कार्यालय काठमाडौं केन्द्रीत छ । यसले गर्दा मेची महाकालीका स्रष्टाहरूका रचनाको दर्ता प्रक्रिया सहज हुनसकेको छैन भने कानून उल्लंघनको क्षेत्रमा पनि अनुगमनलाई प्रभावकारी बनाउन सकिएको छैन । अतः प्रहरी प्रशासनसमेतको सहकार्यमा अनुगमनलाई प्रभावकारी बनाउन विधागत ढंगले छुट्टाछुट्टै अनुगमनका संयन्त्र तयार गरी कारवाही अगाडि बढाउने ।
- कार्यालयलाई सवलीकरण गर्नको लागि जनशक्ति विकास र साधन स्रोत व्यवस्थापनमा ध्यान दिने ।
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई प्रतिलिपि अधिकारयुक्त सामग्रीको लागि सूचना केन्द्र (Information Centre) को रूपमा विकास गर्ने ।
- विधागत ढंगले रोयल्टी संकलन समाजको गठन गर्दै र सवलीकरण एवं प्रशिक्षित गर्दै जाने ।
- प्रतिलिपि अधिकारयुक्त सामग्रीलाई उचित संरक्षण दिंदै यसको व्यवसायीकरणमा जोड दिने ।
- आगामी दिनमा दर्तालाई सहजीकरण गर्न Online registration गर्ने कार्य शुरू गर्ने ।
- स्रष्टा एवं जनसाधारणबीच सचेतना पैदा गराउन प्रचार प्रसारका कार्यक्रमहरूलाई अधिराज्यव्यापी रूपमा सञ्चालन गर्दै जाने ।

## Q-A Column

**Q What is Copyright Infringement?**

A The rights of an owner of copyright are infringed when the acts requiring authorization of the owner is done by someone else without his prior consent. The unauthorized copying of copyrighted materials for commercial purposes and the unauthorized commercial dealing in copied materials is known as piracy as well as copyright infringement.

**Q What types of acts are considered as infringement of copyright?**

A If someone does the following acts without the prior authorization of author, then; such acts are considered as infringement:

- The work is copied.
- Copies of the work are issued to the public.
- The work is lent or rented to the public.
- The work is performed, shown or played to the public.
- The work is broadcasted or included in a cable program service and
- An adaptation is made of the work or any of the above is done in relation to an adaptation.

**Q What are the types of Infringement of Copyright under Nepalese Copyright Act, 2002?**

A According to the *Nepalese Copyright Act, 2002,* the following acts are considered to have infringement:

- The activities such as production, reproduction, communication to public, duplicate, sell etc. of the copyrighted materials which are done without authorization of the owner of the copyright.
- The act of changing the language or structure of any other creation or import of such products to get the economic benefit.
- The activities that support the unauthorized reproduction of the copyrighted materials.
- The act of importation of unauthorized copies of works or sound recording within the territory of Nepal.

### What does copyright protect ?

Copyright protects a wide range of works, which may include:

- **Written works** – books, speeches, magazine and newspaper articles, novels, stories, poems, essays, plays, text books, web pages, advertisements, and dance notations.
- **Musical works** – musical compositions, lyrics, songs and ring tones, and all types of formats (sheet music, CDs, MP3 files etc).
- **Artistic works** – drawings, paintings, photographs, comics, sculptures, architectural works and maps.
- **Dramatic and choreographic works** – plays, operas and dance.
- **Films and multimedia products** – movies, video games, TV programs, and cartoons.
- **Computer programs** – human (source code) and machine (object code) computer programming language.

*Source : The Art and Copyright, WIPO Publication 935E, August 2007 edition*

# News and Events:

Contd. from Page 2

of Performers, Producer's of Phonograms and Broadcasting Organizations (Rome Convention), 1961.

## Training on Copyright

A one day training on "Copyright" was organized by Nepal Copyright Registrar's Office in co-operation with Kathmandu School of Law to the students of Schools and Colleges on August 10, 2007 at Kathmandu School of Law, Dadhikot, Bhaktapur. Fourty participants representing different educational institutions of the Kathmandu valley were present in the training.. Four different papers on the related subjects were presented. Mr. Janma Jaya Regmi, Registrar of NCRO, distributed the certificates to the participants amidst a




function. He made a commitment for such training programs in the future after seeing the impact of the program, especially, upon the young generation. Mr. Madhav Prasad Acharya, Chairperson of Kathmandu School of Law was also expressed his gratitude to all the participants. The program was concluded with vote of thanks by Mr. Shiva Prasad Khanal, Legal Officer of NCRO.

## Interregional Intermediate Seminar on Copyright and Related Rights

The World Intellectual Property Organization (WIPO) organized an 'Interregional Intermediate Seminar on Copyright and Related Rights' at WIPO Headquarters, in Geneva, Switzerland, from October 10 to 12, 2007, followed by a practical training course on copyright and related rights from October 15 to 26, 2007in different countries. The objective of the program was to provide training and information on various aspects of copyright and related rights, and to promote debate on typical issues among the participants through case studies. The Seminar was also intended to raise awareness of the role of intellectual property as a tool for development and to enhance and develop skills in the management of collective rights, especially in a fast changing environment.



Participants from more than four dozen developing countries were invited in the program.

As the Seminar concluded, participants who were already divided into four groups departed towards different four countries for a practical training course. Eleven participants from different ten countries including Nepal, Albania, Republic of Armenia, Bangladesh, Brazil, Lesotho, Lithuania, Myanmar, Vietnam and Zambia participated a training course in London, United Kingdom organized by the British Copyright Council (BCC) for the World Intellectual Property Organization in association with the UK Intellectual Property Office. Mr. Narayan Prasad Aryal, Section Officer of Nepal Copyright Registrar's Office also participated in the program. Various papers were presented on related subjects and discussions were held to exchange mutual experiences and meet the objective of the training. The lecture by Maureen Duffy, President, British Copyright Council and famous english writer and by Michael Fysh, Judge, QC and Chairman of the Copyright Tribunal were very influencing. Professor Adrian Sterling, Vice-President, British Copyright Council distributed the certificates to the participants at the end of the training.

## Other Activities

- Nepal Copyright Registrar's Office has monitored the various market places of Kathmandu valley including Morang and Surkhet districts regarding the infringement of Copyright and Related Rights.
- Nepal Copyright Registrar's Office has distributed the awareness materials including brochure, bulletin, Copyright Act and Regulation in various places of the country.

# Copyright Issues in International Arena

## Copyright Protection for Multimedia Product

A "multimedia" product typically consists of several types of works, often combined together in a single fixed medium, such as computer disk or CD ROM. Examples of Multimedia products are video games, information Kiosks and interactive web pages. The elements that can be combined into a multimedia product include music, text, photographs, clip art, graphics, software and full motion video. Each of these elements may be entitled to copyright protection in its own right. In addition, the compilation or consolidation may receive copyright protection if this process result in a product which is considered to be original.

*[Source: WIPO publication No. 918(E)]*

## Private Copyright of Music

In France, authors, performing artists and producers of sound recordings have received remuneration for home copying of music since 1986. Statistical surveys are carried out regularly to find out what people record in their homes. The Societe Pour La Remuneration de la Copie Privee Sonore (SORECOP) collects the fees for private copying, including music record into blank audio tapes, recordable CDs and DVDs, minidisks, MP3 players and hard discs integrated into sound systems. The revenue is then distributed to copyright owners.

*[Source: WIPO Publication No. 922 (E)]*

## Online Copyright Protection

Teenagers often are viewed as the worst violators of copyright laws, illegally downloading and sharing music on the Internet, but as artists they also have much to gain from copyright protection in the United States. The Internet, the frequent tool of intellectual property piracy, also has made it easier to protect intellectual property and earn legitimate income for teenage artists who copyright and license their music online. USINF looks at the progress being made to ensure young people reap the rewards of their artistic talents.

(Adapted from: www.usinfo.state.gov)

## Beware !!

The availability of a work on the Internet does not mean that it is in the public domain and free use by anyone. Always consult the terms of use sections in websites before you copy, distribute or otherwise use anything that you find on the Internet.



### FORTHCOMING EVENTS

- Regional Seminar on Copyright & Related Rights
- Interaction Program on Copyright & Related Rights
- Curriculum Development for Training Programs on Copyright & Related Rights
- Interaction Program on Berne Convention Study Report

## 'सिर्जनाको प्रभावकारी संरक्षणका लागि सिर्जनाको दर्ता गराऔं ।'

के तपाई आफ्ना सिर्जना दर्ता गराउने विषयमा सोंच्दै हुनुहुन्छ ? यदि तपाई आफ्ना रचनाहरु दर्ता गराई यसको प्रभावकारी संरक्षणमा सुनिश्चितता चाहनुहुन्छ भने कृपया तलका बुँदाहरुमा एकैछिन ध्यान दिनुहोस् त !

- कुनै पनि प्रकारको सिर्जनाको दर्ताको लागि निर्दिष्ट फाराम भरी रु ५।- को टिकट टाँस गरी यस कार्यालयमा निवेदन दिनु पर्नेछ।
- निवेदन फाराम यस कार्यालयबाट नि:शुल्क प्राप्त गर्न सकिनेछ । साथै कार्यालयको वेभसाइट www.nepalcopyright.gov.np बाट सिधै download गर्न पनि सकिन्छ ।
- निवेदन साथ निवेदकको नागरिकताको प्रतिलिपि १, पासपोर्ट साइजको फोटो प्रति २ र रचना प्रति २ संलग्न हुनु पर्नेछ ।
- रचना तयार गर्दा अन्य व्यक्ति वा संस्थाहरुको पनि संलग्नता भएकोमा ती व्यक्ति वा संस्थाहरुसँग भएका लिखित सम्झौताका प्रतिलिपिहरु संलग्न हुनु पर्नेछ ।
- रचना दर्ता बापत प्रति रचना रु १००।- दर्ता शुल्क लाग्नेछ ।

रचना दर्ता भएपछि यस कार्यालयबाट सम्बन्धित रचना धनीको नाममा प्रमाणपत्र प्रदान गरिनेछ ।

यदि तपाईंलाई निवेदन फाराम भर्न कुनै समस्या छ वा यस विषयमा थप जानकारी चाहनुहुन्छ भने निम्न ठेगानामा सम्पर्क गर्नु होला । तपाईंको सहयोगको लागि हामी सधैं प्रतीक्षारत छौं । हाम्रो ठेगाना हो :-

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4432983
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

## प्रतिलिपि अधिकार संरक्षणमा अदालती चासो

प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार संरक्षणको प्रयास स्वरूप वि.सं. २०२२ सालमा प्रतिलिपि अधिकार ऐन तथा २०४६ सालमा तत्सम्बन्धी नियमावली आएको देखिन्छ । तथापि, प्रतिलिपि अधिकारजन्य सामग्रीको उत्पादन एवं बिक्री वितरणको अनधिकृत अवस्थालाई उल्लेखित ऐन नियमले समयानुकूल सम्बोधन गर्न सकेको भने पाइदैन । वि.सं. २०५९ सालमा नयाँ प्रतिलिपि अधिकार ऐन र तत्सम्बन्धी नियमावली २०६१ सालमा आए पश्चात् प्रतिलिपि अधिकारजन्य सामग्रीको अनधिकृत प्रयोगलाई रोक्न यी ऐन नियम कोशेढुङ्गा सावित हुन पुगेका छन् । यसै सन्दर्भमा कास्की जिल्ला अदालतबाट नेपाल सरकार वि. धर्मेन्द्र थापासमेत भएको मुद्दामा गैर कानूनी रूपमा सांगीतिक रचनाहरूको पुनरुत्पादन र बिक्री बितरण भएको ठहरका साथ प्रतिवादीलाई सजाय गर्ने गरी भएको फैसलालाई संक्षेपमा यस अंकमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ४ गणेशटोलमा कर्नर अडियो सञ्चालन गरी बस्ने धर्मेन्द्र थापासमेतले रचयिता वा प्रतिलिपि अधिकार धनीको अनुमति प्राप्त नगरी आफ्नो हक नपुग्ने रचना वा ध्वनिअंकनका प्रतिलिपिहरू आफ्नै पसलमा भएको कम्प्युटरबाट व्यापारिक उद्देश्यले गैर कानूनी आर्थिक उपार्जन गर्नको लागि अनधिकृत रूपमा डबिङ गरी उत्पादन गरेर बिक्री बितरण गर्ने गरेको सम्बन्धमा कास्की जिल्ला अदालतको मिति २०६३।१।१५ को फैसलाबाट प्रतिवादीहरूलाई प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७ (१) बमोजिम जनही रू. १० हजार जरिवाना गरिएको थियो । सोही विषयमा पुनरावेदन अदालत पोखराले जिल्ला अदालतबाट प्रतिवादीहरूलाई गरिएको जरिवाना कानून बमोजिम नै रहेको ठहर गर्दै गैरकानूनी रूपमा प्रतिलिपि सामग्रीहरू उत्पादन गर्न प्रयोग गरिएका मेशिन लगायतका अन्य सामानहरूसमेत जफत गर्ने फैसला गरेको थियो । यस्तो अवस्थालाई विचार गर्दा प्रतिलिपि अधिकारजन्य रचनाहरूको संरक्षणको पाटोमा अदालती चासो क्रमश: बढ्दै गएको देखिन्छ । साहित्यिक एवं कलात्मक रचनाहरूको संरक्षण गर्ने बर्न महासन्धि १८८६ समेतलाई विचार गरी मौलिक रूपमा तयार गरिएका रचनाहरूको संरक्षण गर्न वर्तमान प्रतिलिपि अधिकार ऐन, २०५९ एवं प्रतिलिपि अधिकार नियमावली, २०६१ को पालना गराउने दिशामा आउँदा दिनहरूमा अदालती चासो र अभ्यास अझ बढी सशक्त हुने अपेक्षा गर्न सकिन्छ ।

**Registration of Creations up to October 17, 2007**




प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।